संवत् २०७५ सालको ऐन नं.........

# प्रदेश नं. ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : प्रदेश नं. ५ ले अन्य प्रदेशको बासिन्दालाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनका लागि संविधानको धारा २३३ को उपधारा (३) बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रदेश नं. ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ सम्झनुपर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. ५ को मन्त्रिपरिषद्लाई सम्झनुपर्छ ।

(ग) "बासिन्दा" भन्नाले प्रदेश नं. ५ भित्र स्थायी बसोबास गरेका नेपाली नागरिक र अन्य प्रदेशबाट अस्थायी रुपमा यस प्रदेश भित्र बसोबास गरी आएका नेपाली नागरिक सम्झनु पर्छ ।

(घ) "व्यवहार" भन्नाले अन्य प्रदेशबाट यस प्रदेशमा आई बसोबास गर्ने बासिन्दालाई प्रदेश नं. ५ मा बसोबास गर्ने बासिन्दा सरह गरिने व्यवहारलाई सम्झनुपर्छ ।

(ङ) “सुविधा” भन्नाले प्रदेश नं. ५ मा स्थायी वा अस्थायी बसोबास गर्ने बासिन्दालाई प्राप्त हुने सेवा सुविधालाई सम्झनुपर्छ ।

(च) “सुरक्षा” भन्नाले यस प्रदेशमा स्थायी तथा अस्थायी बसोबास गर्ने बासिन्दको जीउज्यान, चलअचल सम्पत्ति, मान सम्मान र प्रतिष्ठाको सुरक्षालाई सम्झनुपर्छ ।

(छ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

(ज) “स्थायी र अस्थायी बासिन्दा” भन्नाले प्रदेश नं. ५ अन्तर्गतको कुनै पनि जिल्लाबाट नेपाली नागरिकता प्राप्त गरी यस प्रदेशमा स्थायी बसोबास गरिरहेको व्यक्ति तथा प्रचलित कानून बमोजिम निजको परिवारका सदस्य, अन्य कुनै पनि प्रदेशबाट प्रदेश नं. ५ मा स्थायी बसोबास गर्ने गरी बसाई सराई गरी आएका व्यक्तिलाई स्थायी बासिन्दा सम्झनुपर्छ र त्यस्तो स्थायी बासिन्दा बाहेकका बासिन्दालाई अस्थायी बासिन्दा सम्झनुपर्छ ।

३. <u>**बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा**</u> : बासिन्दालाई देहाय बमोजिम समान सुरक्षा, व्यवहार सुविधा प्रदान गरिनेछ :-

(क) प्रदेश नं. ५ मा स्थायी वा अस्थायी बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्राप्त हुने सबै प्रकारको सुरक्षा प्रदान गरिनेछ ।

(ख) प्रदेश नं. ५ मा स्याथी वा अस्थायी बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम प्रदेशका कुनै पनि व्यक्ति वा संस्थाबाट भेदभावपूर्ण वा असमान व्यवहार गर्न पाइने छैन ।

(ग) प्रदेश नं. ५ मा बसोबास गर्ने स्थायी वा अस्थायी बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम सरकारी, सार्वजनिक वा निजी क्षेत्रबाट प्रदान गरिने सबै प्रकारका सुविधाहरु प्राप्त हुनेछ ।

४. **भेदभाव नगरिने** : प्रदेश नं. ५ का स्थायी वा अस्थायी बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम बाहेक कुनै किसिमको असमान तथा भेदभाव जन्य व्यवहार गरिने छैन ।

५. **जरिवाना र क्षतिपूर्ति** : (१) कसैले अर्को प्रदेशको बासिन्दा भएको कारण संविधान र प्रचलित कानूनको प्रतिकूल हुनेगरी भेदभाव गरेमा त्यस्तो कार्यलाई कसूर मानिने छ ।

(२) उपदफा (१) बमोजिम प्रतिकूल हुनेगरी कसैले कसूर गरेको प्रमाणित भएमा पच्चीस हजार रुपैयाँ देखि एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) यस ऐन विपरितको काम कारबाहीबाट कसैलाई हानी वा नोक्सानी पुगेमा त्यस्तो हानी वा नोक्सानी पुग्ने पक्षलाई मनासिव माफिकको क्षतिपूर्ति भराई दिनु पर्ने छ ।

(४) उपदफा (१) बमोजिमको कसूर गरेमा पीडित व्यक्तिले पैंतीस दिनभित्र कसूर गर्नेका

विरुद्ध सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्नेछ ।

(५) उपदफा (१) र (३) बमोजिम मुद्दा दायर हुन आएमा सम्बन्धित जिल्ला अदालतले यस ऐनको अधिकारक्षेत्र प्रयोग गरी प्रचलित कानून बमोजिम मुद्दाको कारवाही र किनारा गर्नेछ ।

६. **विशेष सुविधा प्रदान गर्न सक्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको संविधानको धारा १८ को उपधारा (३) बमोजिमको प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएको वर्ग वा समुदायका प्रदेश नं. ५ का बासिन्दाहरुको संरक्षण, सशक्तिकरण वा विकासका लागि प्रदेश कानून बमोजिम प्रदेश सरकारले थप सेवा सुविधा प्रदान गर्न सक्नेछ ।